## बैठक सञ्चालन कार्यविधि-२०७४

### अनुसूची-१

### बुदा नं. १२.२ संग सम्बन्धित

बैठक संख्या: १३८

मिति: २०८३/०३/२२

अध्यक्षता: श्री ऋषिकेशव बुढामगर

**कार्यपालिकाका पदाधिकारीहरू:**

| | |
|---|---|
| १. श्री ऋषिकेशव बुढामगर | अध्यक्ष |
| २. श्री सर्मिला बुढामगर | उपाध्यक्ष |
| ३. श्री गणेश वि.क. | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |
| ४. श्री हिरा प्रसाद बुढामगर | १ नं. वडा अध्यक्ष |
| ५. श्री अभिलाषा रोका | २ नं. वडा अध्यक्ष |
| ६. श्री जनक बुढा | ३ नं. वडा अध्यक्ष |
| ७. श्री हिक्मत घर्तीमगर | ४ नं. वडा अध्यक्ष |
| ८. श्री बुद्धि बहादुर घर्ती | ५ नं. का.वा. वडा अध्यक्ष |
| ९. श्री सुन कामी | कार्यपालिका सदस्य |
| १०. श्री रामकली विश्वकर्मा | कार्यपालिका सदस्य |
| ११. श्री पुन बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य |
| १२. श्री सुमित्रा सुनार | कार्यपालिका सदस्य |
| १३. श्री बन्दना वि क | कार्यपालिका सदस्य |
| १४. श्री जुन कुमारी पुन | कार्यपालिका सदस्य |

**आमन्त्रित**

१. भिमसेन बुढामगर — सूचना प्रविधि अधिकृत

२. सम्झिपुरा बुढा मगर — कार्यालय सहयोगी

**प्रस्तावहरू:**

१. आ.व. २०८३/०८४ को **बजेट तथा कार्यक्रम** सम्बन्धमा,
२. आर्थिक विधेयक २०८३ **सम्बन्धमा,**
३. विनियोजन विधेयक २०८३ **सम्बन्धमा,**
४. न्यायिक समितिको प्रतिवेदन **सम्बन्धमा,**
५. कार्यपालिका निर्णय **सम्बन्धमा,**
६. शिक्षकहरुको स्थानीय भत्ता **सम्बन्धमा,**
७. जग्गाको न्यूनतम मूल्याङ्कन **सम्बन्धमा,**
८. विविध
   क) कर्मचारी सम्बन्धमा,
   ख) सूचना प्रविधि **अधिकृतको पारि**श्रमिक सम्बन्धमा।

**निर्णयहरू:**

प्रस्ताव नं १ माथि छलफल गर्दा **यस गाउँपालिका**को १९ औँ गाउँसभा (वर्षे अधिवेशन) को दोस्रो बैठकमा पेश गरिएको आ.व. **२०८३/०८४ को** बजेट तथा कार्यक्रम निर्णयार्थ १९ औँ गाउँसभाको तेस्रो बैठकमा पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं २ माथि छलफल गर्दा **यस गाउँपालिका**को १९ औँ गाउँसभा (वर्षे अधिवेशन) को दोस्रो बैठकमा पेश गरिएको आर्थिक **विधेयक,** २०८३ निर्णयार्थ १९ औँ गाउँसभाको तेस्रो बैठकमा पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं ३ माथि छलफल गर्दा **यस गाउँपालिका**को १९ औँ गाउँसभा (वर्षे अधिवेशन) को दोस्रो बैठकमा पेश गरिएको विनियोजन **विधेयक,** २०८३ निर्णयार्थ १९ औँ गाउँसभाको तेस्रो बैठकमा पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं ४ माथि छलफल गर्दा थबाङ गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को न्यायिक समितिको प्रतिवेदन यस गाउँपालिकाको १९ औं गाउँसभाको तेस्रो बैठकमा निर्णयर्थ पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं ५ माथि छलफल गर्दा थबाङ गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को कार्यपालिकाको सम्पूर्ण निर्णयहरु अनुमोदनका लागि यस गाउँपालिकाको १९ औं गाउँसभाको तेस्रो बैठकमा निर्णयार्थ पेश गर्ने निर्णय गरियो।

प्रस्ताव नं ६ माथि छलफल गर्दा थबाङ गाउँपालिका अन्तर्गतका सामुदयिक विद्यालयहरुका स्थायी शिक्षकहरुका लागि सशर्त अनुदान श्रोतबाट स्थानीय भत्ता शिर्षकमा बजेट प्राप्त भएकाले सो रकम नियम अनुसार स्थायी शिक्षकहरुलाई दिने निर्णय गरियो।

प्रस्ताव नं ७ माथि छलफल गर्दा भूमि प्रशासन कार्यालय, लिबाङ, रोल्पाबाट गाउँपालिका क्षेत्र भित्रका जग्गाहरुको न्यूनतम मूल्याङ्कन दरका लागि राय दिने सम्बन्धमा थबाङ गाउँपालिका भित्रका क्षेत्रको जग्गाहरुको न्यूनतम मूल्याङ्कन दर साविकको बमोजिम नै कार्य गर्ने निर्णय गरियो।

प्रस्ताव नं ८ माथि छलफल गर्दा विविध विषयमा छलफल गरी तपसिल बमोजिमको निर्णय गरियो।
प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं. ४१९ मिति २०८२ जेठ १ गतेको पत्रानुसार रोजगार सेवा केन्द्रका रोजगार सहायकलाई जनशक्ति व्यवस्थापन गर्ने माग र आवश्यकताको आधारमा सम्बन्धित स्थानीय तहबाट नियमानुसार जनशक्ति व्यवस्थापन गर्नुहुन भनि नेपाल सरकार(माननीय मन्त्रीस्तर) को मिति २०८१।०१।३१ गते निर्णय भएकाले यस गाउँपालिकाको रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारीहरु रोजगार सहायक सिर कुमार रोकाको आवश्यकता रहेको, ३ नं वडा कार्यालयमा कार्यरत पशु सेवा प्राविधिक श्याम प्रसाद बुढा मगरको करारनामा म्याद थप गर्न, गाउँपालिकासँगको साझेदारी कार्यक्रम अन्तर्गतका कर्मचारीहरुको अपुग पारिश्रमिक गाउँपालिकाले व्यहोर्ने गरी नविकरण गर्नका लागि यस गाउँपालिकाको १९ औं गाउँसभाको तेस्रो बैठकमा निर्णयार्थ पेश गर्ने निर्णय गरियो।

थबाङ गाउँपालिकाको कार्यालयमा मिति २०७४ चैत्र १ गतेदेखि कार्यरत सूचना प्रविधिक अधिकृत पदमा कार्यरत श्री भिमसेन बुढा मगरलाई कार्यसम्पादन मुल्याङ्कन हेरी अधिकृतस्तर सातौंको सेवा सुविधा दिई सेवा अवधि २०८४ असार मसान्तसम्म थप गर्नका लागि यस गाउँपालिकाको १९ औं गाउँसभाको तेस्रो बैठकमा निर्णयार्थ पेश गर्ने निर्णय गरियो।